२३ ४/१४६

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ४०५/२०७२/०७३

निर्णय नं.१४६

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्ग ..........................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्ग ..................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्ग समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्गका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

## तपसिल

१. आ.व. २०६८ सालदेखि लागू भएको सूर्तिजन्य पदार्थ नियन्त्रण नियमन सम्बन्धी ऐन, २०६८ कार्यान्वयनको लागि त्यस जिल्लामा हाल कति जना स्वास्थ्य निरीक्षक (सूर्ति नियन्त्रण इन्स्पेक्टर) नियुक्त भई कार्यरत रहनुभएको छ ? उहाँहरुको नाम र सम्पर्क नम्बर सहितको विवरण र उहाँहरुले गत आ.व. २०७१।०७२ मा गर्नुभएको कार्य प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

२. आ.व. २०७०।०७१ र आ.व.२०७१।०७२ मा सूर्तिजन्य पदार्थ नियन्त्रण नियमन सम्बन्धी ऐन, २०६८ कार्यान्वयनको लागि त्यस जिल्लामा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको विवरण, सो बजेट के के शीर्षकमा खर्च भयो ? भन्ने विस्तृत विवरण र त्यो कार्यक्रम अन्तरगत के कस्ता विषयमा खर्च गरियो ? सो को शीर्षकगत विवरण तथा खर्च फछ्र्यौट प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |